# डाक्नेश्वरी नगरपालिका

# शिक्षा ऐन - २०८०


डाक्नेश्वरी नगरपालिका कार्यालय

पातो, सप्तरी

मधेश प्रदेश, नेपाल

# डाक्नेश्वरी नगरपालिकाको शिक्षा ऐन, २०८०

## सम्वत् २०८० को ऐन नं. १

प्रमाणीकरण मिति: २०८० /०४/०८

**प्रस्तावना:**

देश र समाजको सर्वपक्षीय विकास र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरणको लागि सघाउ पुर्याउन र नगर क्षेत्रभित्रका नागरिकहरूमा सदाचार, सहिष्णुता, नैतिकता कायम गर्न एवम् मानवीय मूल्यको प्रबर्द्धन गर्न तथा सीपयुक्त, परिश्रमी, सिर्जनशील र प्रतिस्र्धी नागरिक तयार गर्नको लागि डाक्नेश्वरी नगरपालिकामा स्थापना हुने र यो ऐन प्रारम्भ हुनु अघि स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरूको कामकार्यवाही व्यवस्थित गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको रुपमा विकासित गर्नु वाञ्छनीय भएकाले, नेपालको संविधान, २०७२ को धारा ५७, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३, दफा १०२ बमोजिम मधेश प्रदेश अन्तर्गत डाक्नेश्वरी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "डाक्नेश्वरीन गरपालिकाको शिक्षा ऐन, २०८० रहेको छ ।

(२) यो ऐन सप्तरी जिल्लाको डाक्नेश्वरी नगरपालिका क्षेत्रभरी लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।



२. **परिभाषा:**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:-**

(क) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्षमाथि र पाँचवर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक शिक्षा सम्झनुपर्छ ।

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ) "विद्यालय शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले सप्तरी जिल्लाको डाक्नेश्वरी नगरपालिका सम्झनुपर्छ ।

(च) "कार्यपालिका" भन्नाले सप्तरी जिल्लाको डाक्नेश्वरी नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(छ) "नगरसभा" भन्नाले सप्तरी जिल्लाको डाक्नेश्वरी नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ज) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष व्यवस्थापन सहितको शिक्षा सम्झनुपर्छ ।

(झ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषय वस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्ने कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ ।

(ञ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको मुनाफा नलिने उद्देश्यले प्रेरित भई नेपाल सरकार, एवम् डाक्नेश्वरी नगरपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ट) "संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरिएको र

नेपाल सरकारबाट नियमितरूपमा अनुदान नपाउनेगरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ठ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाएको व्यक्ति सम्झनु पर्दछ। सो शब्दले विद्यार्थीका एकाघर सगोलमा बस्ने बाबु, आमा, बाजे, बज्यै, दाजु, भाइ, दिदीबहिनी तथा अभिभावक नभएका विद्यार्थीको हकमा पालनपोषण गर्ने वा संरक्षकत्व प्रदान गर्ने वा पठनपाठनको व्यवस्था मिलाउने व्यक्तिलाई समेत जनाउँदछ ।

(ड) "शिक्षक" भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त अध्यापक वा शिक्षक सम्झनुपर्छ। सो शब्दले प्रधानाध्यापक र प्रारम्भिक बालविकास शिक्षक समेलाई जनाउँदछ ।

(ढ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक, प्राज्ञिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय दायित्व बहन गर्ने गरी जिम्मेवारी तोकिएको अध्यापक वा शिक्षक सम्झनुपर्दछ ।

(ण) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(त) परिवार भन्नाले शिक्षक वा कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आफैले पालनपोषण गर्नु पर्ने पति, पत्नी, बाबु, आमा, छोरा, अविवाहिता छोरी, धर्मपुत्री, अविवाहिता धर्म पुत्री , सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा एकाघरको बाजे, बजै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(थ) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको स्थान वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(द) "स्वीकृति" भन्नाले तोकिएबमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार, प्रदेश सरकार र डाक्नेश्वरी नगरपालिका समेतको



मापदण्डको आधारमा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ध) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा यस नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(न) "शैक्षिकगुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी शैक्षिक गुठी सम्झनुपर्छ ।

(प) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली वा नियमावली बमोजिमको निर्देशिका र कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद-२

**विद्यालय शिक्षाको तह, माध्यमिक शिक्षाको प्रकार, विद्यालय खोल्ने अनुमति तथा स्वीकृति:-**

३. विद्यालय शिक्षाको तह र माध्यमिक शिक्षाको प्रकार:

(१) विद्यालयको प्रकार देहायबमोजिम हुनेछः
(क) सामुदायिक विद्यालय
(ख) संस्थागत विद्यालय

(२) विद्यालय शिक्षाको तह देहायबमोजिम हुनेछः
(क) आधारभूत तह
(ख) माध्यमिक तह

(३) माध्यमिक शिक्षाको प्रकार देहायबमोजिम हुनेछ :
(क) साधारण माध्यमिक शिक्षा
(ख) संस्कृत माध्यमिक शिक्षा
(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

४. **विद्यालय खोल्ने वा कक्षा थप अनुमति तथा स्वीकृतिः**

(१) स्थानीय समुदायले सामुदायिक विद्यालय खोल्न वा कक्षा थप गर्न चाहेमा वा कुनै नेपाली नागरिकले शैक्षिक गुठी वा सहकारी संस्था अन्तर्गत प्रारम्भिक बाल शिक्षा कक्षा, आधारभूत विद्यालय, माध्यमिक विद्यालय, प्राविधिक विद्यालय, विशेष शिक्षा कक्षा र खुला विद्यालय खोल्न वा कक्षा थप गर्न चाहेमा तोकिएको विवरण खुलाई सम्बन्धित वडा समितिको सिफारिस र सबैभन्दा नजिकको दुईवटा सामुदायिक विद्यालयको सहमति सहित शिक्षा शाखामा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन परेमा शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत वा कर्मचारीबाट स्थलगत जाँचबुझ गरी सोको प्रतिवेदन नगर शिक्षा समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम विद्यालय खोल्न अनुमतिदिन मनासिब देखिएको व्यहोरा नगर शिक्षा समितिको बैठकबाट निर्णय भएमा तोकिए बमोजिमका शर्तहरू पालना गर्ने गरी शिक्षा शाखा प्रमुखले विद्यालय खोल्ने वा कक्षा थप गरी सञ्चालन अनुमति दिनसक्ने छ ।

(४) उपदफा (३) बमोजिम अनुमतिलिई खोलिएको विद्यालयले तोकिएको शर्तहरू पालना गरेको देखिएमा कार्यपालिकाले त्यस्तो विद्यालयलाई स्वीकृति प्रदान गर्नेछ ।

(५) यो ऐन प्रारम्भ हुनुअघि कम्पनीको रूपमा सञ्चालन भइरहेको संस्थागत विद्यालयले शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न चाहेमा कम्पनी खारेज गरी तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम निवेदन परेमा शिक्षा शाखा प्रमुखले निवेदनउपर आवश्यक जाँचबुझ तथा स्थलगत निरीक्षण गरी



वा अधिकृत कर्मचारी वा अन्यकर्मचारीबाट स्थलगत निरीक्षण गर्न लगाई निवेदकको माग मनासिब देखिएमा नगर शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखा प्रमुखले अनुमति प्रदान गर्नेछ ।

(७) माथि जुनसुकै व्यहोरा उल्लेख भएपनि यो ऐन प्रारम्भ हुनुअघि नियमानुसार अनुमति वा स्वीकृति पाई सञ्चालनमा रहेका विद्यालयहरू यसै ऐन बमोजिम सञ्चालन भएको मानिनेछ ।

(८) यस ऐन बमोजिम विद्यालय खोल्ने अनुमति नलिई विद्यालय सञ्चालन गर्न पाइनेछैन । विना अनुमति विद्यालय सञ्चालन गरेमा तोकिए बमोजिम दण्ड जरिवाना गर्न सकिनेछ ।

(९) नगरपालिकाले विशेष प्रकृतिको विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदान गर्ने विद्यालय, क्याम्पस, पुस्तकालय एवम् शैक्षिक सामग्री केन्द्र स्थापना वा सञ्चालन गर्न सक्ने छ । यसका लागि नगरपालिकाले छुट्टै कार्यविधि बनाई लागू गर्नसक्नेछ ।

५. **शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः-

क) आधारभूत तहको शिक्षा मातृभाषामा दिन सकिनेछ ।

ख) गैर नेपाली नागरिकले यस नगरपालिका अन्तरगतका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला सिकाइ कार्यक्रम:**

विशेष शिक्षा, समावेशी शिक्षा, साक्षरता वा अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला सिकाइ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७. सामुदायिक सिकाइ केन्द्र:**

नगरपालिकाले तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । नगर क्षेत्रभित्र बसोवास गर्न समुदायले सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनसक्नेछ ।

**८. विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थप:**

नगरपालिकाले तोकिए बमोजिम विद्यालय सार्न गाम्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थप गर्नसक्नेछ ।

## परिच्छेद-३

### नगर शिक्षा समिति, वडा शिक्षा समितिको गठन, बैठक सम्बन्धी कार्यविधि तथा काम, कर्तव्यर अधिकार:-

**९. नगर शिक्षा समितिको गठन:**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि "देहाय बमोजिमको नगर शिक्षा समिति" रहनेछ :-

(क) नगरपालिकाको प्रमुख वा नगर प्रमुखले कामगर्न तोकिएको व्यक्ति ................ अध्यक्ष

(ख) कार्यपालिका सदस्यहरू मध्येबाट एकजना महिला सदस्यसहित कार्यपालिकाबाट नगर प्रमुखले मनोनीत गरेको २ जना .................सदस्य



(ग) स्थानीय समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमी, शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउने व्यक्ति वा शिक्षा क्षेत्रका चन्दादाताहरू मध्येबाट कार्यपालिकाबाट मनोनीत कम्तीमा एक-एकजना महिला र दलित सहित तीनजना .....सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट नगर कार्यपालिकाले मनोनीत गरेको एकजना .....सदस्य

(ङ) आधारभूत तथा माध्यमिकतह समेट्नेगरी सामुदायिक र संस्थागत विद्यालयका शिक्षक एवम् प्रधानाध्यापकहरू मध्येबाट कार्यपालिकाबाट मनोनीत एकजना महिला सहित दुईजना ....सदस्य

(च) नगरपालिकाको शिक्षा शाखा प्रमुख सदस्य सचिव

(२) समितिका मनोनीत सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ ।

(३) नगर शिक्षा समितिको बैठक कम्तीमा २ महिनामा एकपटक बस्नेछ । अध्यक्षको निर्देशनमा सदस्य सचिवले नगर शिक्षा समितिको बैठक बोलाउनेछ । एक तिहाइ सदस्यले लिखित निवेदन दिएमा सदस्य-सचिवले बैठक बोलाउनेछ । बैठक बोलाउँदा कम्तीमा ३ दिनअघि बैठकमा छलफल हुने विषय सूची समितिका सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(४) नगर शिक्षा समितिको बैठकमा संघीय संसद र प्रदेश सभा सदस्यहरूलाई पर्यवेक्षकको रूपमा र आवश्यकता अनुसार विषयविज्ञहरूलाई आमन्त्रण गर्नसक्नेछ ।

(५) उपदफा (१) अनुसार समितिको सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदवाट हटाउन सक्नेछ तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मोकावाट बन्चित गरिनेछैन ।

(६) बैठक सम्बन्धी अन्य कार्यविधि नगर शिक्षा समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

**१०. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकारः**

यस ऐनमा अन्यत्र लेखिएका वा यस ऐन बमोजिको नियमावली वा नियमावली अन्तर्गत बनेको निर्देशिका र कार्यविधिमा उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) शिक्षा सम्बन्धी नगर स्तरीय योजना तर्जुमा गर्ने र स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, कक्षा थप्ने र घटाउने सम्बन्धमा नगरपालिकालाई आवश्यक राय सुझावदिने,

(ग) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र व्यवस्थित तुल्याउन आवश्यक सहयोग गर्ने,

(घ) प्रत्येक वर्ष विद्यालयहरूको आर्थिक कारोबारको लेखापरीक्षण गर्न लेखापरीक्षकको सूची प्रकाशन गर्ने र लेखापरीक्षकको पारिश्रमिक तोक्ने,

(ङ) नगरपालिका क्षेत्रभित्र स्थापनाभई सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक वा कर्मचारीको दरबन्दी, राहत, शिक्षक अनुदान, प्रारम्भिक बालविकास शिक्षक, विद्यालय कर्मचारीको पद, सेवा, शर्त र सुविधा स्वीकृत गर्ने,

(च) विद्यालय सञ्चालन र व्यवस्थापन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिलाई समय-समयमा आवश्क निर्देशन दिने,

(छ) विद्यालयहरूको लागि आवश्यक स्रोतसाधन जुटाउने र परिचालन गर्ने/गराउने,

(ज) अभिभावक, कर्मचारी र शिक्षकबीच सम्बन्ध सुमधुर तुल्याउने वा विवाद सिर्जना भएमा मिलाउने,



(झ) शिक्षाको गुणस्तर कायम राख्न सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने, तदनुसार अपेक्षित गुणस्तर कायम भएका विद्यालयलाई पुरस्कृत गर्ने, नभएका विद्यालयलाई सघाउने तथा लगातार तीन वर्षसम्म तोकिएबमोजिम नतिजा ल्याउन नसक्ने विद्यालयलाई नसिहत दिने वा अनुदान कटौती वा रोक्का गर्ने,

(ञ) विद्यालयहरूलाई तोकिएबमोजिम सामाजिक परीक्षण गर्न लगाउने,

(ट) सामुदायिक विद्यालयको शिक्षक र कर्मचारीहरूको दरबन्दी मिलान एवम् समायोजन व्यवस्थापन गर्ने,

(ठ) विद्यालयको नियमित अनुगमन, निरीक्षण र सुपरीवेक्षण गर्ने/गराउने,

(ड) शैक्षिक गुठीसँग गरिने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

(ढ) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक एवम् कर्मचारीहरूलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, सजाय गर्ने र गर्न लगाउने,

(ण) शिक्षक वा कर्मचारी छनौट र परीक्षा सम्बन्धी कार्यका लागि विषयगत आवश्यकताका आधारमा विशेषज्ञहरू छनौट गरी नामनामेसी सहितको विषय विज्ञसूची प्रकाशन गर्ने,

(त) संस्थागत विद्यालय सञ्चालनको लागि मापतण्ड बनाउने सञ्चालनको स्वीकृति र अनुमतिको लागि नगरपालिकालाई आवश्यक राय सुझाव दिने,

(थ) विद्यालय नक्सांकन समेतलाई ध्यान दिई आवश्यकता र औचित्यका आधारमा नगरपालिका क्षेत्रभित्रका विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह र कक्षा थप गर्न वा कक्षा घटाउने नीति तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने,

(द) नगर क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक, अस्थायी शिक्षक, राहत तथा अनुदान कोटाका शिक्षक, बालविकास शिक्षक दरबन्दीलाई आवश्यकतानुसार सरूवा पद

स्थापनगर्ने र विद्यालयमा विषय गत शिक्षक दरबन्दी मिलान गर्ने तथा नगर क्षेत्रभित्र आन्तरिक शिक्षक दरबन्दी मिलान गर्ने,

(ध) सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने,

(न) आवश्यकताअनुसार लक्षित समुदायका विद्यार्थीहरूका लागि प्रोत्साहनस्वरूप दिवा खाजा लगायत अन्य आवश्यक व्यवस्था गर्ने,

(प) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैकालागि शिक्षा सुनिश्चित हुने प्रबन्ध मिलाउने र विधालयले सदियौ देखि भोग चलन गर्दै आएको जग्गा विद्यालयको स्वामित्वमा ल्याउन पहल गर्ने,

(फ) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुनेगरी शैक्षिक क्यालेण्डर निर्माण गरी लागू गर्ने/गराउने,

(ब) शिक्षक तालिम नीति तर्जुमा गरी कार्यान्वयन गर्ने,

(भ) नगर कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श प्रदान गर्ने,

(म) विद्यालयहरूलाई सक्षमतामा अधारित अनुदान दिने वा अनुदान दिन सम्बन्धित संस्था वा निकायमा सिफारिस गर्ने,

(य) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोत्साहन सहित स्वेच्छिक अवकाशको प्रबन्ध मिलाउने

(र) नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरू बीच स्वस्थ प्रतिस्पर्धा गराई विद्यार्थीहरूको चौतर्फी विकासका अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने,

(ल) डाक्नेश्वरी नगरपालिका भित्रका कुनै पनि विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरु नगर शिक्षा समितिलाई उपयुक्त नलागेमा सो निर्णय खारेज गरी नगर शिक्षा समितिवाट अर्को निर्णय गर्न सकिनेछ ।

(व) कार्यपालिकाले तोकिदिए बमोजिमका अन्य कार्यहरू गर्ने,



११. **शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार:**

(क) नगर स्तरीय शिक्षा योजना तर्जुमा गरी नगर शिक्षा समिति मार्फत कार्यपालिकामा पेशगर्ने/गराउने,

(ख) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने/गराउने,

(ग) विद्यालय एवम् शैक्षिक संस्थाहरूको अनुगमन, निरीक्षण र सुरिवेक्षण गर्ने/गराउने,

(घ) नगर कार्यपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श प्रदान गर्ने,

(ङ) शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने र तदनुसार पुरस्कार तथा दण्ड सजायको लागि नगर शिक्षा समिति मार्फत कार्यपालिकामा सिफारिस गर्ने,

(च) आधारभूत शिक्षा (कक्षा८) परीक्षाको सञ्चालन र व्यवस्थापन गर्ने/गराउने,

(छ) सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको अभिलेख राख्ने,

(ज) विद्यालयमा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गरे नगरेको अनुगमन गर्ने,

(झ) विद्यालय लेखापरीक्षणको लागि नगर शिक्षा समितिले निर्धारण गरेको लेखापरीक्षकहरूको सूचीबाट लेखापरीक्षक तोक्ने,

(ञ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावकसंघ तथा अन्य समिति गठन गर्ने/गराउने,

(ट) विद्यालयहरूबाट प्राप्त लेखापरीक्षण/सामाजिक परीक्षण प्रतिवेदनमा उल्लेख भएका सुधारका उपायहरू कार्यान्वयन भए/नभएको यकिन गरी कार्यान्वयन गर्न लगाउने,

(ठ) प्रत्येक वर्ष सामुदायिक विद्यालयमा रहेको दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरूको तलबी प्रतिवेदन पारित गर्ने/गराउने,

(ड) विद्यालयको शैक्षिक कार्यक्रमको नियमित अनुगमन गर्ने/गराउने,

(ढ) नगर शिक्षा समितिको सदस्य सचिवको रूपमा काम गर्ने,

(ण) अन्यकाम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन तथा काम, कर्तव्यर अधिकार :-

**१३. विद्यालय व्यवस्थापन समितिको गठन:**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) वडाको वडाध्यक्ष वा वडा अध्यक्षले तोकेको व्यक्ति ..................अध्यक्ष

(ख) अभिभावकहरूले आफूहरूमध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना .........सदस्य

(ग) विद्यालयका संस्थापक, चन्दादाता, स्थानीय समाजसेवी, बुद्धिजीवी, शिक्षा प्रेमीहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना ........सदस्य

(ङ) विधालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एकजना .......सदस्य

(च) सम्बन्धित विद्यालयको प्रधानाध्यापक ..सदस्य-सचिव

(२) विद्यालय व्यवस्थापन समिति गठनको कार्यमा सहयोग गर्नका लागि देहायबमोजिमको एक सहयोग समिति रहनेछः-

(क) शिक्षा शाखा प्रमुख ..............संयोजक

(ख) सम्बन्धित वडाको वडा सचिव .................सदस्य

(ग) विद्यालयको प्रधानाध्यापक ........सदस्य सचिव



यस प्रयोजनको लागि थप अन्य विद्यालयका प्रधानाध्यापकहरूलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(३) विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि अभिभावक भन्नाले विद्यालयमा प्रारम्भिक बालविकास कक्षादेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीको एका घर सगोलमा बसोवास गर्ने बाबु, आमा, बाबु तर्फको बाजे र बज्यै सम्झनुपर्छ ।

(४) सामान्यतया शैक्षिक सत्र शुरू भएको एक महिना भित्र विद्यालय व्यवस्थापन समिति गठन गर्नु पर्नेछ । तर जुनसुकै कारणले पदावधि समाप्त हुनुअघि नै अध्यक्ष वा सदस्यको पदरिक्त भएमा वा विद्यालय व्यवस्थापन समिति विघटन भएमा पदरिक्त भएको वा विघटन भएको एक महिना भित्र उपदफा (१) अनुसार रिक्त पदपूर्ति गर्नु पर्ने वा समिति गठन गर्नुपर्नेछ ।

(५) विद्यालय व्यवस्थापन समिति गठन गर्न वा रिक्त पदपूर्ति गर्न कम्तीमा ७ दिनको सूचना दिई अभिभावक भेला बोलाउनुपर्नेछ । अभिभावकहरूको सूची यकिनगरी अभिभावक भेलाको तीन दिन अगावै प्रकाशन गर्नुपर्नेछ ।

(६) उपदफा (१) बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(७) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन सामान्य लेखपढ गर्न जान्ने व्यक्ति र २५ वर्ष उमेर पूरा भएको हुनुपर्नेछ । तर त्यस्तो शैक्षिक योग्यता प्राप्त व्यक्ति उपलब्ध नभएमा वा अध्यक्ष बन्न नचाहेमा सोभन्दा तल्लो शैक्षिक योग्यता प्राप्त व्यक्ति समेत समितिको अध्यक्ष हुन सक्नेछ ।

(८) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको पाइएमा वा पदीय दायित्व पूरा नगरेमा वा विद्यालयको सम्पत्ति हिनामिना गरेमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन वा विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर, त्यसरी पदबाट हटाउनुअघि वा समिति विघटन गर्नु अघि मनासिब माफिकको सफाइ पेशगर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

(९) सदस्यको राजिनामा अध्यक्षले र अध्यक्षको राजिनामा समितिले स्वीकृत गर्नेछ । अध्यक्ष सहित छानिएका र मनोनीत सम्पूर्ण सदस्यहरूले सामूहिक वा व्यक्तिगत रूपमा राजिनामा गरेमा विद्यालयले सोको जानकारी शिक्षा शाखामा पठाउनुपर्नेछ र शिक्षा शाखाले स्थलगत अध्ययन तथा जाँचबुझ गरी राजीनामा स्वीकृत गर्न वा फिर्ता गराउन सक्नेछ ।

(१०) विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैँले निर्धारण गरेबमोजिम हुनेछ ।

**१३. <u>सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>**

**(१) विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अध्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकामा पठाउने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालयमा अध्ययनरत विद्यार्थीको पोशाक तोक्ने र सोको कार्यान्वयन गर्ने.

(छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षक पदको लागि योग्य उम्मेदवारलाई



हाजिर गराई काममा लगाउने तथा नगरपालिकाबाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने;

(ज) नेपाल सरकार र नगरपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने, नगरपालिकाबाट अनुमति लिई रिक्त दरबन्दी तथा राहत अनुदान (कोटा) शिक्षक, प्रारम्भिक बालविकास शिक्षक, विद्यालय कर्मचारीको पदमा वा विद्यालयको आफ्नै स्रोतबाट व्यहोर्ने गरी करारमा शिक्षक, बालविकास शिक्षक वा विद्यालय कर्मचारी नियुक्ति गर्ने,

(झ) नगर शिक्षा समितिबाट तोकिएको सूचीकृत लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

(ट) नगरपालिका, नगर शिक्षा समिति र शिक्षा शाखाले दिएको निर्देशन पालना गर्ने/गराउने,

(ठ) विद्यालय सेवा क्षेत्रमा विद्यार्थी परिचालन मार्फत निरक्षरता उन्मूलन तथा अनिवार्य र निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने,

(ड) विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीहरूलाई कार्यसम्पादनका आधारमा प्रोत्साहन र विभागीय कारवाही गर्ने,

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधा उपलब्ध गराउने,

(ण) विद्यालयमा सञ्चालित सबै कक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने,

(त) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यक कार्य गर्ने,

(थ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले तोके बमोजिमको तलब भत्ता कर्मचारीलाई उपलब्ध गराउने,

(द) अनुगमन टोली बनाई विद्यालयको हरेक गतिविधिको नियमित अनुगमन, निरीक्षण गरी सुधारका लागि आवश्यक पहल गर्ने

(ध) शिक्षक, विद्यार्थी र अभिभावकले पालना गर्नुपर्ने आचारसंहिता बनाई पालना गर्ने/गराउने,

(न) विद्यालय व्यवस्थापन समिति वा वडा समितिले कारवाहीका लागि देहायको अवस्थामा विद्यालयका प्र.अ., शिक्षक तथा विद्यालय कर्मचारीलाई कसुरको मात्रा बुझी नगर शिक्षा समितिमा सिफारिस गर्ने,

- *प्रशासनिक जिम्मेवारी पुरा नगरेको अवस्थामा एक पटकको लागि सचेत गराउने तथा सचेत गराउदा पनि नसच्चीएको अवस्थामा प्र.अ.लाई काम्तिमा ३ महिनादेखि ६ महिना सम्मको लागि जिम्मेवारी विहिन गर्न सकिने छ ।*
- *प्र.अ. वा शिक्षकले विद्यालयको आर्थिक हिनामिना गरेको पाइएमा जिम्मेवारी खोसी निजको पाउने सुविधावाट हिना-मीना ठहर भएको रकम वा बेरुजु देखिएको रकम असुल उपर गर्ने र त्यसता शिक्षकलाई २ देखि ५ ग्रेडसम्म कट्टा गरी नसिहत दिन सकिने छ ।*

(प) यस ऐन अन्तर्गतको नियमावली, निर्देशिका, कार्यविधिमा तोकिएबमोजिम र समय-समयमा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले तोकेबमोजिम अन्य कार्यहरू गर्ने ।



**१४. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:**

(१) देहायको अवस्थामा एवम् तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सोको कारण खुलाई शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघठन गर्न सक्नेछ ।

(क) विद्यालय व्यवस्थापन समितिले आफ्नो जिम्मेवारी तथा दायित्व पुरा गर्न नसकेको अवस्थामा ।

(ख) नगर शिक्षा समिति वा माथिल्लो निकायको निर्देशन तथा आदेश पालना नगरेको अवस्थामा ।

(ग) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(घ) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको नीति विपरित काम गरेमा, तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मुनासिव मौका दिनु पर्नेछ ।

(च) माथि उल्लेखित क देखि ङ सम्मको कार्य विद्यालय व्यवस्थापन समितिले गरेमा नगर शिक्षा समितिको निर्णय अनुसार स्वतः विघठन गरी तत्कालको लागि अभिभावक मध्येबाट नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिको संयोजक बनाई विद्यालयको कार्य गर्न सकिने छ ।

**१५. शिक्षक अभिभावक संघको गठन:**

(१) सामुदायिक विद्यालयहरूमा शिक्षक अभिभावकबीच सुमधुर सम्बन्ध कायम राख्न, शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र विद्यालयको हरेक गतिविधिलाई पारदर्शी एवम् जवाफदेही बनाउन सामाजिक परीक्षणको कार्यमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा सम्पूर्ण शिक्षक र अभिभावहरू रहने गरी शिक्षक अभिभावक संघ गठन हुनेछ ।

(२) शिक्षक अभिभावक संघको कार्य गर्नको लागि देहायका सदस्यहरू रहने गरी एक शिक्षक अभिभावक संघको कार्यकारी समिति रहनेछः-

(क) विद्यालयका अभिभावकहरुमध्येबाट छानिएको व्यक्ति ................अध्यक्ष

(ख) अभिभावकहरूले आफुहरूमध्येबाट छानी पठाएको कम्तीमा एकजना महिला सहित दुईजना ........सदस्य

(ग) सम्बन्धित वडाका वडा समितिका सदस्यहरू मध्ये वडा समितिले मनोनीत गरेको एकजना ........सदस्य

(घ) विद्यालयका संस्थापक, चन्दादाता, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी मध्येबाट एकजना महिला सहित दुईजना ..................सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष .....सदस्य

(च) प्रधानाध्यापक ..................सदस्य

(छ) विद्यालयमा कार्यरत शिक्षकहरूमध्येबाट एकजना ........सदस्य सचिव

(३) शिक्षक अभिभावक संघको कार्यकारी समितिको गठन अभिभावक भेलामार्फत हुनेछ । यस्तो समितिका मनोनीत वा छानिएका सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ । समितिको बैठक कम्तीमा दुई महिनामा एकपटक बस्नेछ । समितिको बैठकमा विद्यालयले छानेको उच्चतम कक्षाको छात्र र छात्रा एक-एक जनालाई आमन्त्रित गर्नुपर्नेछ ।

**१६. शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकारः**

(१) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने

(ख) विद्यालयको सामाजिक परिक्षण गर्ने/गराउने,

(ग) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सहयोग गर्ने,



(घ) विद्यालय भर्ना अभियान सञ्चालन गर्न विद्यालयलाई सहयोग गर्ने,

(ङ) अनिवार्य र निःशुल्क आधारभूत शिक्षा एवम् निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने,

(च) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-५

## विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र बाल विकास शिक्षकको दरबन्दी, सेवा शर्त, योग्यता एवम् सक्षमताको मापदण्ड :-

**१७. शिक्षक र विद्यालय कर्मचारीको दरबन्दीः**

(१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरूमा आवश्यक पर्ने शिक्षक, कर्मचारी दरबन्दी, राहत र अनुदान कोटा तोकिएबमोजिम निर्धारण तथा वितरण हुनेछ ।

(२) नगरपालिकाले दरबन्दी राहत वा अनुदान कोटा निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयगत आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नेछ ।

(३) संघीय सरकार र प्रदेश सरकारबाट सामुदायिक विद्यालयहरूका लागि हाल विद्यमान शिक्षक दरबन्दी वा राहत वा शिक्षक अनुदान वा प्रारम्भिक बालविकास कोटा, विद्यालय कर्मचारीको पदमा थप भइआएमा आवश्यकता र औचित्यका आधारमा नगर शिक्षा समितिको निर्णय बमोजिम वितरण वा मिलान गरिनेछ ।

(४) उपदफा (१) र (२) बमोजिम दरबन्दी, राहत वा अनुदान कोटा सिर्जना भई नियुक्ति भएका शिक्षक र कर्मचारीहरूको व्यक्तिगत अभिलेख खडा गरी विद्यालयमा राख्नुपर्नेछ र एक प्रति

नगरपालिकामा पठाउनुपर्नेछ । यसरी नियुक्त भएका शिक्षक, कर्मचारीको सेवा सुविधा नगरपालिका मार्फत भुक्तानी हुनेछ ।

**१८. शिक्षक तथा कर्मचारीको सेवा, शर्त, योग्यता र सक्षमता:**

(१) शिक्षक तथा कर्मचारीको सेवा, शर्त, योग्यता र सक्षमता सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१९. स्थायी अध्यापन अनुमति पत्र लिनुपर्ने:**

(१) नगरपालिका क्षेत्रभित्र शिक्षक सेवा आयोगले तोकेबमोजिम अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएपनि शिक्षक सेवा आयोग नियमावलीमा तोकिएका विषयहरूका लागि सोहीबमोजिम हुनेछ ।

**२०. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:**

(१) देहायको अवस्थामा विद्यालय शिक्षक वा कर्मचारीलाई नगर शिक्षा समितिले पदबाट हटाउन सक्नेछ । यसका लागि विद्यालय व्यवस्थापन समितिले नगर शिक्षा समितिमा सिफारिस गर्नेछः

(क) तोकिएबमोजिमको पदीय दायित्व पूरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) विद्यालय समयमा अन्यत्र अध्यापन वा कुनै कार्य गरेको वा अन्य कुनै व्यावसायिक क्रियाकलापमा संलग्न रहेको प्रमाणित भएमा,



(च) शिक्षक र कर्मचारी कुनै पनि संघसंस्था वा राजनीतिक दलको कुनै पनि तहको कार्य समितिको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन वर्षको औसत शैक्षिक उपलब्धि प्रतिशत राष्ट्रिय र प्रदेश स्तरको औसत उपलब्धि स्तरभन्दा कम भएमा ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनुपर्ने यथेष्ट प्रमाण प्राप्त भएमा नगर शिक्षा समितिले निजलाई पदबाट हटाउन सक्नेछ । तर, पदबाट हटाउनुअघि मनासिब माफिकको सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

**२१. अदालतको आदेशबाट पुनः बहाली हुनसक्ने :**

(१) दफा २१ मा उल्लेख भएको कुनै आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक वा कर्मचारी अदालतको आदेश वा फैसलाबमोजिम मात्र सेवामा पुनः बहाली हुनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले सेवाबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सोसमेत पाउनेछ ।

**२२. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने:**

दफा २१ को उपदफा (१) मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा समेत गणना हुने छैन ।

२३. स्थायी आवासीय अनुमति लिन नहुने सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले नेपालबाहिर कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनु हुँदैन ।

## परिच्छेद-६

## प्रधानाध्यापक, शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम तथा वृत्ति विकास

**२४. अस्थायी / करार/राहत /अनुदान शिक्षक वा कर्मचारीको नियुक्ति:**

(१) नगरपालिकाको वडा क्षेत्रभित्र सञ्चालित विद्यायलहरूमा रिक्त स्वीकृत दरबन्दी राहत शिक्षक, शिक्षक अनुदान, बालविकास शिक्षक (सहयोगी कार्यकर्ता) र विद्यालय कर्मचारीको पदमा अस्थायी, करार नियुक्ति तथा प्रधानाध्यापकको नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनौट गर्न देहायबमोजिमको एक शिक्षक छनौट समिति रहनेछ: :-

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष ...............संयोजक

(ख) शिक्षा शाखा प्रमुख .................सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक.सदस्य-सचिव

(२) यस प्रयोजनको लागि नगर शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखाले तोकेबमोजिम विषय विज्ञको सूची प्रकाशन गर्नेछ ।

(३) शिक्षक छनौट प्रयोजनको लागि शिक्षक छनौट समितिले विषय विज्ञको सूचीमा सूचीकृत दुईजना विशेषज्ञहरूलाई शिक्षक छनौट सम्बन्धी परीक्षाको कार्य गर्न खटाउनुपर्नेछ ।

(३) शिक्षक छनौट समितिले शिक्षक वा कर्मचारी छनौट गर्दा तोकिएबमोजिमको प्रक्रिया अपनाउनेछ ।

(४) शिक्षक छनौट समितिको सिफारिसमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिले शिक्षक नियुक्ति गर्नेछ ।



(५) शिक्षक छनौट समितिको छनौट तथा बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**२५. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:**

(१) प्रत्येक विद्यालयमा विद्यालयको शैक्षिक, प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न एकजना प्रधानाध्यापक रहनेछ ।

(२) दफा २३ को उपदफा (१) बमोजिमको छनौट समितिको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले ५ वर्षको कार्यसम्पादन करार सम्झौता गरी प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

(३) कार्यसम्पादन करार सम्झौता बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भइआएमा नगरपालिकाले स्थलगत जाँचबुझ गर्नेछ । जाँचबुझबाट सो कुरा प्रमाणित भएमा नगर शिक्षा समितिले जुनसुकै बखत निजलाई प्रधानाध्यापकको पदबाट हटाउन सक्नेछ ।

(४) विद्यालय व्यवस्थापन समितिबाट सिफारिस नभएको अवस्थामा समेत नगरपालिकाद्वारा गरिएको स्थलगत अनुगमन वा निरीक्षणबाट प्रधानाध्यापकलाई हटाउनुपर्ने उपदफा (३) बमोजिमको अवस्था देखिएमा नगर शिक्षा समितिले जुनसुकै बखत निजलाई प्रधानाध्यापकको पदबाट हटाउन सक्नेछ । तर, पदबाट हटाउनुअघि मनासिब माफिकाको सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

(५) शिक्षक, विद्यालय कर्मचारी वा प्रधानाध्यापक छनौट प्रक्रिया, नियुक्ति तथा सेवा शर्तसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१६. शिक्षक तथा विद्यालय कर्मचारीको सरूवा**

(१) सरूवा हुन चाहने शिक्षकले आफू कार्यरत विद्यालय र सरुवा हुन चाहेको विद्यालयको व्यवस्थापन समितिको सहमति सहित विद्यालयको सिफारिस संलग्न गरी शिक्षा शाखामा तोकिएबमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ । यसरी निवेदन दिँदा आफू कार्यरत विद्यालय र सरुवा हुन चाहेको विद्यालयको पद, श्रेणी र पदको किसिम समान हुनुपर्नेछ ।

(२) यसरी निवेदन परेमा नगर शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखाले तोकिएबमोजिमको प्रक्रिया अपनाई, नगरपालिका क्षेत्रभित्र रिक्त पदमा सरूवा गर्न वा पारस्परिक सरूवा न.पा. को कार्यपालिकाले गर्न सकिनेछ ।

(३) अन्य स्थानीय तहमा कार्यरत शिक्षक यस नगरपालिका क्षेत्रभित्रको विद्यालयमा सरुवा हुन चाहेमा वा यस नगरपालिका क्षेत्रभित्र कार्यरत शिक्षक अन्य स्थानीय तहको विद्यालयमा सरुवा भई जान चाहेमा उपदफा (१) बमोजिम निवेदन दिनुपर्नेछ । निवेदकको माग मनासिब देखिएमा शिक्षा शाखाले नगर प्रमुख सँग समन्वय गरी सरूवाको लागि सहमति दिनसक्नेछ।

(४) विद्यालय शिक्षाको गुणस्तर वृद्धिका लागि आवश्यकता र औचित्यका आधारमा कारण खुलाई नगर शिक्षा समितिको निर्णयबमोजिम शिक्षा शाखाको सिफारिसमा न.पा को कायालयले शिक्षक वा कर्मचारीलाई नगरपालिका क्षेत्रभित्रको एक विद्यालयबाट अर्को विद्यालयमा सरूवा गर्नसक्नेछ ।

(५) नगर शिक्षा समितिले दरबन्दी मिलान, विद्यालय समायोजन र कक्षा थपघट गर्ने क्रममा समान तहको स्थायी, अस्थायी, राहत, शिक्षक अनुदान, प्रारम्भिक बालविकास शिक्षक र विद्यालय कर्मचारीलाई आवश्यकता र औचित्य खुलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरूवा गर्नसक्नेछ ।



(६) एकै विद्यालयमा पाँच वर्ष सेवा अवधि पुगेको शिक्षक एवम कर्मचारीलाई शिक्षा शाखाले सम्बन्धित विद्यालयको सहमति बेगर पनि नगर शिक्षा समितिसँग सहमति लिई नगरपालिका क्षेत्रभित्रको अन्य विद्यालयमा सरूवा गर्नसक्नेछ ।

(७) सामान्यतया एक शिक्षकलाई एक विद्यालयमा सरूवा पदस्थापन गरिएको एक शैक्षिक सत्र पूरा नभएसम्म सरूवा गरिने छैन ।

(८) शिक्षक वा विद्यालय कर्मचारीको सरूवा गरिनेछ । विशेष कारण र विशेष परिस्थितिमा नगर शिक्षा समितिको निर्णय शिक्षा शाखाको सिफारिसमा न.पा.को कार्यालयले जुनसुकै बखत सरूवा गर्नसक्नेछ

**१७. दरबन्दी मिलान तथा विद्यालय समायोजन:**

(१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी राहत वा शिक्षक अनुदान, प्रारम्भिक बालविकास कोटा भएको विद्यालयबाट कम दरबन्दी, राहत वा शिक्षक अनुदान, प्रारम्भिक बालविकास कोटा भएको विद्यालयमा दरबन्दी मिलान गरिनेछ ।

(२) दरबन्दी मिलान तथा विद्यालय समायोजनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१८. शिक्षकको स्थायी नियुक्ति र बढुवासम्बन्धी व्यवस्था:**

(१) नेपाल सरकार र प्रदेश सरबारबाट स्वीकृत शिक्षक दरबन्दीमा शिक्षकहरूको स्थायी नियुक्ति, पदस्थापन र बढुवासम्बन्धी व्यवस्था संघीय र प्रादेशिक कानुनबमोजिम गठित शिक्षक सेवा आयोगबाट तोकेबमोजिम हुनेछ ।

(२) नगरपालिकाबाट आफ्नै स्रोतमा शिक्षक एवम् कर्मचारीहरूको नियुक्ति, सेवा, शर्त, सुविधा र बढुवा सम्बन्धी व्यवस्था नगरपालिकाबाट जारी कार्यविधि वा निर्देशिकाबमोजिम हुनेछ ।

**२९. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :**

शिक्षकलाई संघीय, प्रादेशिक तथा नगरपालिकाबाट निर्धारित तालिम नीति, कार्यक्रम र योजनाअनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

**३०. शिक्षकलाई अन्य काममा लगाउन नहुने:**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, देवी प्रकोप उद्धार वा संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

## परिच्छेद ७

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन :

**३१. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण:**

(१) विद्यालयमा विद्यार्थी संख्याअनुसार कक्षाकोठा, खेलमैदान, कम्पाउण्ड वाल, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलगअलग शौचालय, सिकाइमैत्री वातावरण हुनुपर्नेछ ।

(२) उपचार परीक्षण मनोपरामर्श सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्नेछ ।

(३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिएबमोजिम हुनेछ ।

**३२. विद्यालयको सम्पत्ति**

(१) सामुदायिक विद्यालयको हकमा रहेको सार्वजनिक सम्पत्ति मानिनेछ ।



(२) यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा वा सरकारी सार्वजनिक प्रयोजनको काममा प्रयोगमा ल्याउन सक्नेछ ।

(३) उपदफा (२) मा उल्लेखित प्रयोजनमा प्रयोग भएमा प्रचलित कानुनबमोजिम प्रयोग हुन नसक्ने भएमा प्रचलित कानून बमोजिम बेच विखन गरी प्राप्त भएको रकम नगरपालिकाको कोषमा आम्दानी बाँधिनेछ र सो रकम शैक्षिक विकासको कार्यमा खर्च गरिनेछ ।

(४) शैक्षिक गुठी अन्तर्गत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । सार्वजनिक शैक्षिक गुठीको रुपमा संचालित विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(५) कम्पनी अन्तर्गत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(६) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघस्थासँग दानदातव्यको रूपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको स्वीकृति लिनुपर्ने छ तर, गैरनेपाली नागरिक वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट त्यसरी चल अचल सम्पत्ति प्राप्त गर्नुअघि संघीय सरकार प्रादेशीक सरकार र नगरपालिकाबाट पूर्वस्वीकृति लिनुपर्नेछ ।

(७) सामुदायिक विद्यालयले नगरपालिकाको अनुमतिविना विद्यालयको चल अचल सम्पत्ति बेच विखन गर्न पाउनेछैन ।

**३३. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख संरक्षण र व्यवस्थापन :-**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सोही विद्यालयको नाममा रहनेछ । विद्यालय बन्द खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानुनबमोजिम बेचविखन वा भोगचलन गर्नसक्नेछ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सोही विद्यालयको व्यवस्थापन समितिको हुनेछ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने/गराउने कर्तव्य नगरपालिकाको हुनेछ ।

**३४. <u>पाठ्यक्रम र पाठ्यपुस्तक:</u>**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्डअनुरूप विद्यार्थीमा सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनुपर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तर्जुमा गरी लागू गर्नसक्ने छ। आवश्यक परेमा नगरपालिका क्षेत्रभित्र लागु हुने गरी स्थानीय पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नसक्नेछ ।

(२) आफ्नो विद्यालयका विद्यार्थीलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरूको संख्यासम्बन्धित विद्यालयले तोकिएको समयसीमा भित्र माग गर्नुपर्नेछ ।

(३) शैक्षिक सत्र शुरू हुनुअगावै नगर शिक्षा समितिले सम्बन्धित निकायहरूसँग समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नसक्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट घण्टा बराबरको स्थानीय आवश्यकतामा आधारित विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउनसक्नेछ ।

(५) विद्यालयमा बहु पाठ्यपुस्तक नीति लागु हुनेछ ।

(६) तोकेबमोजिमको मापदण्ड अनुरूप विद्यालयले शिक्षक-विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री थप स्वाध्यायन सामग्री पुस्तकालय मनोविमर्श अभिभावक शिक्षाको प्रबन्ध गर्नुपर्नेछ ।

३५. <u>अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन</u>

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन र विद्यार्थीको अन्तर्निहित प्रतिभा प्रस्फुटनको अवसर दिलाउन सह क्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप संचालन गर्नसक्नेछ ।



(२) विद्यालयले स्काउट, रेडक्रस, बाल क्लव, ईकोक्लब तथा वातावरण मैत्री क्लवहरूको गठन परियोजना कार्य, अध्ययन, भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरू संचालन गर्नसक्छ ।

(३) सह-क्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## <u>परिच्छेद-८</u>
## <u>परीक्षा संचालन तथा गुणस्तर मापन</u>

**३६. <u>आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन:</u>**

(१) आधारभूत शिक्षा परीक्षा सञ्चालन व्यवस्थापन र नियन्त्रण गर्नको लागि देहायबमोजिमको एक आधारभूत शिक्षा परीक्षा समिति रहनेछः-

(क) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत ......अध्यक्ष

(ख) आधारभूत तथा माध्यमिक तहका विद्यालयका प्रधानाध्यापक शिक्षकको प्रतिनिधित्व हुने गरी कम्तीमा महिला सहित नगरपालिकाले तोकेको तीनजना ..................सदस्य

(ग) संस्थागत विद्यालयका प्रधानाध्यापक वा संस्थापकमध्येबाट समितिले मनोनीत गरेको एकजना ..................सदस्य

(घ) शिक्षा शाखा प्रमुख वा निजले तोकेको कर्मचारी ........सदस्य सचिव

(२) आधारभूत शिक्षा परीक्षा सञ्चालन र व्यवस्थापनको लागि शिक्षा शाखा सम्बन्धित तह र विषयको विषयविज्ञ सूची प्रकाशन गर्नेछ ।

(३) परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञहरूलाई परीक्षा समितिको बैठकमा आमन्त्रण गर्नसक्नेछ ।

(४) मनोनीत सदस्यहरूले पदीय आचरण उल्लंघन गरेमा मनोनीत गर्ने पदाधिकारी वा निकायले जुनसुकै बखत हटाउन सक्ने तर

पदबाट हटाउनुअघि निजलाई मनासिव माफिको सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(५) समितिको बैठक भत्ता नगरपालिकाले तोकेबमोजिम वा प्रचलित कानुन बमोजिम हुनेछ ।

(६) मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(७) आधारभूत शिक्षा परीक्षा सञ्चालन व्यवस्थापन नियन्त्रण र परीक्षा समितिको बैठक सम्बन्धी अन्य कार्यविधि, तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ९

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मुल्याङ्कन र नियम सम्बन्धी व्यवस्था :

### ३७ संस्थागत विद्यालय सञ्चालन अनुमति:

(१) कुनै पनि नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिए बमोजिम माघ मसान्तभित्र शिक्षा शाखामा निवेदन दिनुपर्नेछ । यसरी निवेदन दिदा सबैभन्दा नजिकका दुईओटा सामुदायिक विद्यालयको व्यवस्थापन समितिको निर्णयसहितको सहमति पत्रसमेत संलग्न गर्नुपर्नेछ ।

(२) अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

### ३८. संस्थागत विद्यालयको व्यवस्थापन समिति गठन:

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यस्थापन समिति रहनेछ ।

(क) विद्यालयको संस्थापकहरूमध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा समितिबाट मनोनीत ..................अध्यक्ष

(ख) अभिभावकहरूमध्येबाट कम्तीमा एकजना महिलासहित विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुई जना ..................सदस्य



(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीमध्येबाट नगर शिक्षा समितिले मनोनीत गरेको एकजना ..................सदस्य

(घ) शिक्षा शाखा प्रमुखले तोकेको एकजना कर्मचारी ..................सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना .................सदस्य

(च) विद्यालयको प्रधानाध्यापक .........सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (क) (ख) (ग) र (घ) बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(३) अध्यक्ष वा सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर, यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नुअघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(४) विद्यालय व्यवस्थापन समितिको बैठकसम्म कार्यविधि समिति आफैँले निर्धारण गरेबमोजिम हुनेछ ।

### ३९. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:

(१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्यरूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुनबमोजिम शिक्षक पदका लागि उम्मेदवार हुन योग्यता पुगेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) छनौट समितिको सिफारिसमा विद्यालय शिक्षक तथा कर्मचारीको नियुक्ति गरी न्यूनतम तलब, सेवा र सुविधा तोक्ने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली र अन्य कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने/गराउने,

(ञ) प्रत्येक वर्ष विद्यालयको आय-व्ययको लेखा परीक्षण गराई सोको प्रतिवेदन अनिवार्यरूपमा सम्बन्धित वडा कार्यालय र शिक्षा शाखामा पेश गर्ने ।

(ट) शिक्षक, कर्मचारी तथा विद्यार्थीको आचारसंहिता बनाई लागु गर्ने,

(ठ) विद्यालय लिने भर्ना शुल्क र अन्य शुल्कको प्रस्ताव तयार गरी अभिभावकहरूको भेलाबाट स्वीकृत गराउने,

(ड) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

**४०. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दस प्रतिशतमा नघटने गरी तोकिएबमोजिम जेहेन्दार अति विपन्न, अपाङ्गता भएका, छात्रा, दलित र जनजाति विद्यार्थीलाई छात्रवृति उपलब्ध गराउनुपर्नेछ ।



(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समितिले निश्चित आधार, शर्त र प्रक्रिया निर्धारण गरी छात्रवृतिको लागि विद्यार्थी छनौट गर्नुपर्नेछ र सोको विवरण सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

(३) संस्थागत विद्यालयले प्रत्येक वर्ष प्रदान गरेको छात्रवृतिसम्बन्धी विवरण शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

**४१. अनुगमन तथा मूल्याङ्कन:**

(१) संस्थागत विद्यालयको गुणस्तर कायम भए नभएको यकिन गर्न नगरपालिकाले जुनसुकै बखत अनुगमन गर्न र निर्देशन दिन सक्ने छ। अनुगमनका बखत माग भएको कागजात एवम् अभिलेख उपलब्ध गराउनु र विद्यालयलाई दिएको निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**४२. अनुमति वा स्वीकृति रद्द गर्ने**

(१) कुनै संस्थागत विद्यालयले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरेमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति जुनसुकै बखत रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नुअघि सम्बन्धित विद्यालयलाई सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिनेछैन ।

## परिच्छेद १०

## विद्यालय विकास कोष, आय-व्ययको लेखा सामाजिक परीक्षण र लेखापरीक्षण :-

**४३. विद्यालय विकास कोष :**

(१) प्रत्येक विद्यालयमा एक विद्यालय विकास कोष हुनेछ, जसमा देहाय बमोजिमको रकम दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त हुने अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त हुने रकम,

(ग) चन्दा वा दानदातव्यबाट प्राप्त हुने रकम र

(घ) अन्य श्रोतबाट प्राप्त हुने रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन, व्यवस्थापन, सामाजिक परीक्षण र लेखापरीक्षण तोकिएबमोजिम हुनेछ ।

**४४. अनुदानको व्यवस्था:**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सुत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान उपलब्ध गराउनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँदै आएको अनुदान रकम कटौती गर्न सकिनेछ ।

(२) नगरपालिकाले सामुदायिक विद्यालयहरूलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउनेछ ।

**४५. विद्यालयको बजेट, विद्यालय विकास कोषको सञ्चालन तथा आयव्ययको लेखा:**

(१) प्रधानाध्यापकले प्रत्येक वर्षको जेठ महिनाभित्र आगामी आर्थिक वर्षको बजेट (आयव्ययको अनुमान) तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई एक प्रति शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

(२) विद्यालयले शिक्षक तलब भत्ता तथा कर्मचारी पारिश्रमिकबाहेक विद्यालय विकास कोषमा जम्मा भएको अन्य रकम व्यवस्थापन समितिको निर्णय बमोजिम मात्र खर्च गर्न पाउनेछ ।

(३) विद्यालय विकास कोषको संचालन विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा विद्यालय व्यवस्थापन समितिले तोकेको विद्यालय व्यवस्थापन समितिको सदस्य र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट हुनेछ ।



(४) विद्यालयहरुले प्रचलित कानुनबमोजिमको ढाँचामा दोहोरो लेखा प्रणाली अनुसार आय व्ययको लेखा राख्नुपर्नेछ । हिसाब किताब राख्ने जिम्मेबारी प्रधानाध्यापक र लेखासम्बन्धी काम गर्ने कर्मचारी वा शिक्षकको हुनेछ, भने हिसाब किताब राखन लगाउने जिम्मेबारी विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

(५) विद्यालय विकास कोषको रकम नगरपालिकाले तोकेको बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ र विद्यालयको सम्पूर्ण खर्च विद्यालय विकास कोषको रकमबाट व्यहोरिनेछ ।

(६) आयव्ययको लेखा राख्दा विद्यालयको कामकार्वाहीको वास्तविक स्थिति थाहा पाउने गरी मालसमानहरुको खरिद बिक्री र नगदी जिन्सी, जायजेथा दायित्व आदिको विस्तृत विवरण स्पष्टरुपले खुलेको हुनुपर्नेछ ।

(७) विद्यालयको नगदी, जिन्सी जायजेथामा कुनै किसिमको हिनामिना हानी नोक्सानी वा लापरबाही हुन नपाउने गरी सुरक्षित राख्ने र सोको लगत राख्ने तथा राख्न लगाउने दायित्व प्रधानाध्यापकको हुने छ ।

(८) विद्यालयको आयव्ययको लेखा विलमर्पाइ लगायतका कागजातहरु विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकबाट प्रमाणित गराई राख्ने र राख्न लगाउने जिम्मेबारी प्रधानाध्यापकको हुनेछ ।

**४६. विद्यालयको गतिविधिको सामाजिक परीक्षण**

(१) सामुदायिक विद्यालयको काम कारवाही यस ऐन तथा यस ऐन अन्तर्गतको नियमावली निर्देशिका वा कार्यविधि र प्रचलित कानुनबमोजिम भए नभएको सम्बन्धमा प्रत्येक वर्ष लेखाजोखा गर्न देहायबमोजिमको एक समाजिक परीक्षण समिति रहनेछ :-

(क) शिक्षक अभिभावक संघको अध्यक्ष ......संयोजक

(ख) अभिभावकहरुमध्येबाट शिक्षक अभिभावक संघले तोकेको एक जना महिला सहित दुई जना .......सदस्य

(ग) सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिले तोकेको वडा समिति सदस्य एकजना ........सदस्य

(घ) स्थानीय बुद्धिजिवी, समाजसेवी वा शिक्षा प्रेमीहरूमध्येबाट शिक्षक अभिभावक संघले तोकेको एकजना ...सदस्य

(ङ) विद्यालयको उच्चतम कक्षामा अध्ययनरत उत्कृष्ट छात्र र छात्रा एक-एकजना गरी दुईजना ........ सदस्य

(च) विद्यालयमा गठित बाल क्लब, हरित क्लब, स्काउट, कुनै सदन वा अन्य यस्तै बाल समूहमध्ये विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना प्रतिनिधि, .........सदस्य

(छ) शिक्षक अभिभावक संघले तोकेको सम्बन्धित विद्यालयको शिक्षक .......सदस्य-सचिव

(२) सामाजिक परीक्षण समितिमा छानिएको, तोकिएको वा मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(३) सामाजिक परीक्षण समितिको बैठक आवश्यकतानुसार बस्नेछ । सामाजिक परीक्षण समितिमा प्रतिनिधित्व हुन नसकेको विद्यालयस्तरीय बालक्लब, स्काउट लगायत अन्य क्लब वा समूहका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्नुपर्नेछ ।

(४) सामाजिक परीक्षणका क्रममा विद्यालयको आयव्यय, शैक्षिक उपलब्धि, आन्तरिक गतिविधि, पारदर्शिता र जवाफदेहिताको स्थिति र आगामी वर्षको कार्ययोजना समेतको मूल्याङ्कन गरी आमभेला बोलाई सार्वजनिक गर्नुपर्नेछ ।



(५) विद्यालयले प्रत्येक वर्ष भदौ मसान्तसम्ममा सामाजिक परीक्षण गराई प्रतिवेदनको एक प्रति र आमभेलाको निर्णय प्रति -शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

(६) विद्यालयको सामाजिक परीक्षणसम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**४७. लेखापरीक्षण सम्बन्धी व्यवस्था:**

(१) विद्यालयले आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिकभित्र नगरपालिकाले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ ।

(२) प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिमार्फत प्रत्येक वर्षको लेखापरीक्षण प्रतिवेदन शिक्षक तथा अभिभावकको भेला बोलाई सार्वजनिक गर्नुपर्नेछ ।

(३) लेखापरीक्षणको कार्य समाप्त भएको पन्द्रह दिनभित्र लेखापरीक्षण प्रतिवेदन र अभिभावक भेलाको निर्णय प्रति शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद ११
## विद्यार्थी प्रतगि प्रतिवेदन, छात्रवृत्ति, शुल्क तथा सहयोग, छुट तथा सुविधा

**४८. विद्यार्थी प्रगति प्रतिवेदन:**

(१) विद्यालयले प्रत्येक त्रैमासिक र वार्षिक परीक्षाको नतिजा विश्लेषण तथा प्रबोधीकरण गरी नतिजासहित विद्यार्थीको प्रगति प्रतिवेदन अभिभावकसमक्ष पेश गरी पृष्ठपोषण लिने र दिने कार्य गर्नुपर्नेछ ।

(२) विद्यार्थीको प्रगति प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ ।

**४९. छात्रवृत्तिसम्बन्धी व्यवस्था:**

(१) नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीका लागि नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने छात्रवृत्ति वा अन्य

संघसंस्थाबाट प्राप्त हुने छात्रवृत्तिका अतिरिक्त तोकिएबमोजिम अन्य छात्रवृत्ति वा सहुलियतको व्यवस्था गर्नसक्नेछ ।

**५० शुल्क तथा सहयोगः**

(१) नेपालको संविधानबमोजिम आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क हुनेछ । सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले विद्यालयको विकासका लागि आफ्नो इच्छाले दिएको दान उपहार चन्दा वा सहयोग विद्यालयले लिनसक्नेछ । संस्थागत विद्यालयले यस्तो सहयोग प्राप्त गर्न नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(३) विद्यालय उमेर समूहका सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानका अतिरिक्त नगरपालिकाले आवश्यक अन्य स्रोतको व्यवस्था गर्नसक्नेछ ।

(४) संस्थागत विद्यालयले कुनै कक्षामा विद्यार्थी भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना शुल्क लिन पाउनेछैन ।

(५) विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यालयले विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(६) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क प्रस्ताव गरी शिक्षा शाखामा पेश गर्नुपर्नेछ । नगर शिक्षा समितिले विद्यालयबाट प्रस्तावित शुल्कको दर सम्बन्धमा छानवीन गरी विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा शुल्क निर्धारण गर्नेछ ।

(७) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा शिक्षा शाखाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनेछ । त्यस्तो शुल्क लिने विद्यालयलाई तोकिएबमोजिम जरिवाना समेत गर्नसकिनेछ ।



**५१. विद्यालयलाई छुट र सुविधा :**

(१) सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नगरपालिकाले तोकेबमोजिम रजिष्ट्रेसन दस्तुर छुट दिनसक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छूट र सुविधा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद- १३

## प्राविधिक तथा व्यवसायिक शिक्षा

**५३. प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनः**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउने गरी अनुमति दिन सकिनेछ ।

(२) यस्तो विद्यालय सञ्चालनको लागि नगरपालिकाले सम्भाव्यता अध्ययन थप सुविधा र आवश्यक स्रोत पहिचान गरी परिचालन गर्नसक्नेछ ।

(३) प्राविधिक तथा व्यावसायिक शिक्षा कक्षा सञ्चालनको लागि अनुमति दिँदा तोकिएको मापदण्ड बमोजिम एक वडामा नदोहोरिने गरी सञ्चालन अनुमति दिन सकिनेछ ।

(४) सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि चाहिने शिक्षक, कर्मचारी लगायत अन्य जनशक्तिको व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(५) प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-१३
## विविध

**५३. विद्यालयको विनियम विधान वा कार्यविधि:**

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता सञ्चालन प्रक्रियालगायत अन्य सान्दर्भिक विषयवस्तु समावेश गरी विनियम, विधान वा कार्यविधि बनाई लागू गर्नसक्नेछ। तर, त्यस्तो विनियम, विधान वा कार्यविधि अभिभावक भेलाबाट पारित गराउनुपर्नेछ।

(२) अभिभावक भेलाले आवश्यकता अनुसार विनियम, विधान वा कार्यविधि संसोधन गर्नसक्नेछ।

(३) विनियम, विधान वा कार्यविधिअनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापकलगायत अन्य विद्यालय परिवारको कर्तव्य हुनेछ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिनभित्र नगरपालिकामा पेश गर्नुपर्ने छ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र विद्यालय सरोकारवालाहरूले जुनसुकै बखत त्यसको जानकारी लिनसक्नेछन्।

**५४. नगरपालिकाले निर्देशन दिनसक्ने :**

(१) नगरपालिकाले विद्यालयको भौतिक, शैक्षिक, आर्थिक विकास एवम् समसामयिक विषयमा आवश्यक निर्देशन दिनसक्नेछ

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक एवम् विद्यालय कर्मचारीको कर्तव्य हुनेछ।



**५५. विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्ने:**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न र विद्यालयभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछ।

**५६. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:**

(१) विद्यालयमा अध्ययनरत कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन। तर, कुनै विद्यार्थीले विद्यालयको शैक्षिक वातावरण खलबल्याउने कार्य गरेमा वा विद्यालयको आचारसंहिता विपरीत कार्य गरेमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम प्रधानाध्यापकले यस्तो विद्यार्थीलाई विद्यालयबाट निष्काशन गर्नसक्ने।

(२) विद्यालयमा अध्यनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

**५७. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन:**

(१) यस ऐन बमोजिम अनुमति नलिई कुनै व्यक्ति वा संस्थाले शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला प्रदर्शनी सञ्चालन गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा ब्रिज कोर्स भाषा शिक्षण कक्षा, पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम संचालन गर्न अनुमति लिनेसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

**५८. सिकाइ उपलब्धि स्तर मापन:**

(१) नगरपालिकाले विद्यालयहरूको शैक्षिक गुणस्तर मापन गर्न र एकरूपता कायम गर्नका लागि कक्षा ३ वा ५ को वार्षिक परीक्षा लगायत अन्य कक्षाको परीक्षा लिईस्तर मापन गर्नसक्छ। स्तर मापन गर्ने विधि र प्रक्रिया तोकिएबमोजिम हुनेछ।

**५९. प्रगति विवरण पेश गर्ने:**

(१) सामुदायिक तथा संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिएबमोजिम विद्यार्थी प्रगति विवरण र अन्य विवरण सम्बन्धित वडा कार्यालय र नगरपालिकामा पेश गर्नुपर्नेछ।

**६०. दण्ड सजाय:**

(१) कुनै व्यक्ति, पदाधिकारी संस्था वा समितिले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सानी गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायको कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुयाएमा वा उक्साएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानुनले तोके बमोजिम सजाय हुनेछ :

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैरजिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रसँग सम्बन्धित पदाधिकारीको स्वीकृतिबेगर प्रवेश गर्न प्रयास गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान उपहार वा कुनै रकम लिएमा,



(ज) अनुमति नलिई मन्टेश्वरी कक्षा, कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा ब्रिज कोर्स, ट्युसन सेन्टर, कोचिङ सेन्टर, कम्प्युटर प्रशिक्षण, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गरेमा,

(झ) कानून विपरीत अन्य कार्य गरेमा।

(३) कानूनबमोजिम तोकिएको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारीउपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालत वा अन्य अदालत वा न्यायिक निकायमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ र सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीबमोजिम विभागीय सजाय हुनेछ।

**६१. पुनरावेदन**

(१) सकिएको अधिकारीले गरेको सजायको आदेशउपर प्रचलित कानुनबमोजिम पुनरावेदन लाग्नेछ।

**६२. संक्रमणकालीन व्यवस्था:**

(१) यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम कार्यवाही नियमावली, निर्देशिका र कार्यविधि नआउँदासम्म नगर कार्यपालिकाले गर्नसक्नेछ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दी राहत शिक्षक अनुदान, प्रारम्भिक बालविकास शिक्षक र विद्यालय कर्मचारीको पदमा अस्थायी/ करार पदपूर्तिको लागि विज्ञापनको अनुमति नगरपालिकाले दिनेछ।

**६३. नियमावली, विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सकिने:**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले शिक्षा नियमावली बनाई लागू गर्नसक्नेछ।

(२) विद्यालय शिक्षामा सुधारका निम्ति र विविध शैक्षिक कार्यक्रम सञ्चालन गर्न देहायबमोजिमका विषयमा नियमावली विनियम निर्देशिका, कार्यविधि, आधार तथा मापदण्ड बनाई लागू गर्न सकिनेछः

(१) असल शिक्षक सम्मान तथा प्रोत्साहन,

(२) अनाथ एवम् सडक बालबालिका, विपन्न समुदाय वा गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाका लागि शैक्षिक सहयोग तथा प्रोत्साहन,

(३) एकमुष्ठ अनुदानमा आधारित विद्यालय सञ्चालन,

(४) नमुना विद्यालय छनोट र विकास,

(५) शिक्षक दरबन्दी, राहत, शिक्षक अनुदान, प्रारम्भिक बालविकास शिक्षक, विद्यालय कर्मचारीको दरबन्दी मिलान र व्यवस्थापन,

(६) विद्यार्थीका लागि सहक्रियाकलाव तथा अतिरिक्त क्रियाकलाप सञ्चालन,

(७) शैक्षिक क्यालेण्डर तथा शैक्षिक प्रोफाइल वा पुस्तिका प्रकाशन,

(८) भौचर प्रणालीमा आधारित विद्यालय शिक्षा,

(९) गुणस्तरीय शिक्षाका लागि कार्यसम्पादनमा आधारित तथा सिकाइ सुदृढीकरण अनुदान र शिक्षण सहयोग अनुदान,

(१०) अनिवार्य र निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन,

(११) विद्यार्थी संख्या अभिबृद्धि कार्यक्रम,

(१२) अन्तरविद्यालय सहयोग तथा समन्वय कार्यक्रम,

**६४. बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोहीबमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।



(३) नेपालको संविधान, संघीय शिक्षा ऐन तथा प्रादेशिक शिक्षा ऐनसँग बाझिएको यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्कृय वा खारेज हुनेछन्।

(४) यस अघि कानुनबमोजिम नियुक्त शिक्षक वा कर्मचारीलाई नेपाल सरकारले दिँदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन। तर, यस व्यवस्थाले कानुनबमोजिम दण्ड सजाय र कारवाही गर्न बाधा पर्नेछैन ।

**६५. संशोधन र थपघट :**

(१) यस ऐनमा कुनै किसिमको संशोधन र थपघट गर्नुपरेमा आवश्यकता अनुसार नगरसभाले बहुमतबाट गर्नसक्नेछ ।

**६६. बाधा अडकाउ फुकाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्ने कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

•••